# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २/०८१/०८२ | मितिः २०८१/०५/०४
अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन | ने.सं. ११४४ गुँलागा, प्रतिपदा

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| सहायक पाचौं, आमन्त्रित | श्री सौजन कटुवाल | उपस्थित |

आज मिति २०८१ साल भाद्र ०४ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकमा नगरपालिकामा निम्न विषयमा छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमको निर्णय गरियो।

१. <u>प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृति तथा ठेक्का व्यवस्थापन सम्बन्धमा ।</u>

क. यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र भएर वहने बिरिङ्ग, टाङटिङ र सो नदीमा मिसिने खोलाहरुबाट ढुङ्गा गिटि बालुवा उत्खनन संकलन तथा विक्री गर्ने कार्यको लागि परामर्शदाता भोलानाथ इञ्जनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. बाट तयारी भई पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण (अद्यावधिक) प्रतिवेदन बैठकमा पेश भयो । प्रतिवेदन बमोजिम अर्जुनधारा नगरपालिका र बुद्धशान्ती गाउँपालिकाको सिमानामा पर्ने बिरिङ्ग नदी , अर्जुनधारा नगरपालिकामा मात्र पर्ने बिरिङ्ग नदी, टाङटिङ नदी , सुखानी खोला, ठुलो नेते खोलाबाट जम्मा ३१०५७५ घ.मी. उत्खनन गर्न सकिने व्यहोरा जानकारी भई प्रतिवेदन स्वीकृत गरियो ।साथै, प्रतिवेदनमा उल्लेखित परिमाण बमोजिम बुद्धशान्ती गाउँपालिका क्षेत्रसँग सिमाना जोडिएका क्षेत्रको हकमा सो क्षेत्रको उत्खनन परिमाण बमोजिमको ठेक्का रकम दामासाहीले बाँडफाँड गर्ने गरी देहाय बमोजिमको प्याकेज बनाई अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि, २०७५ बमोजिम ठेक्का बन्दोवस्तीका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ख. स्वीकृत आइ.इ.इ. प्रतिवेदनबाट झोलुङ्गे पुल तथा अन्य सार्वजनिक पूर्वाधार आसपासमा नदीजन्य पदार्थ अधिक मात्रामा थुप्रिन गएको र तत्काल ती सामाग्रीहरु निकाल्नका लागि सिफारिस भएको हुँदा ती क्षेत्रहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्नका लागि अनुमतिका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

ग. हाल नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्नका लागि निषेध गरिएको अवस्थामा समेत अनाधिकृत रुपमा चोरी निकासी भई रहेको भन्ने गुनासो आएको हुँदा अनाधिकृत रुपले उत्खनन गरी निकासी हुने तथा नदीकिनारमा मौज्दात गरी राखेका नदीजन्य सामाग्रीको कार्यालयबाट स्थलगत अनुगमन गरी जफत गर्ने निर्णय गरियो ।

२. <u>शनिश्चरे अस्पतालको भवन निर्माण म्याद थप सम्बन्धमा ।</u>

अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित शनिश्चरे अस्पालको नयाँ भवन निर्माण गर्नका लागि नेपाल सरकारबाट श्रोत सुनिश्चित भई मिति २०७९/०३/१९ गते कालीगण्डकी आदर्श जे.भी. सँग ठेक्का सम्झौता भई २०८१ आषाढ मसान्तसम्म म्याद दिइएकोमा नेपाल सरकारबाट तोकिए बमोजिमको बजेट समयमा निकाशा नभई काम बमोजिमको भुक्तानी हुन नसकेकोमा उक्त आयोजनाका लागि चालु आर्थिक वर्षमा बजेट निकाशा समेत भएकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उक्त आयोजनाका लागि २०८१ साल चैत्र मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**३. म्याद थप सम्बन्धमा ।**

क. अर्जुनधारा नगरपालिकामा साविक देखि नै नगर कार्यपालिको कार्यालय, वडा कार्यालयहरु , विषयगत शाखा तथा स्वास्थ्य संस्थाहरुमा नगरपालिकाको आन्तरिक श्रोत तथा सम्बन्धित कार्यक्रमबाट पारिश्रमिक तथा सेवा सुविधा प्राप्त गर्ने गरी कार्यरत सेवा करारका कर्मचारीहरुको करार अवधि २०८१ आषाढ मसान्तसम्म रहेकोमा ती कर्मचारीहरुको सेवा निरन्तर रुपमा लिनुपर्ने भएकाले २०८२ आषाढ मसान्तसम्मका लागि करार सेवा नविकरण गर्ने निर्णय गरियो।

ख. अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८१ को स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यक्रम कार्यान्वयन निर्देशिकामा तोकिए बमोजिमको कार्य गर्नका लागि सम्बन्धित कार्यक्रमबाटै तलब भत्ता तथा अन्य सुविधा प्राप्त गर्ने गरी आवश्यक पर्ने अस्थायी दरबन्दी सिफारिस गर्नका लागि स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को परिच्छेद ३ को दफा ६ को उपदफा ५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा १ सिफारिस समिति गठन गर्ने, समितिका सदस्यहरु नगर प्रमुखज्यूले तोक्ने निर्णय गरियो ।

**४. कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा ।**

अर्जुनधारा नगरापलिकाको स्थानीय सरकारी सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**५. अतिरिक्त समय प्रोत्साहन सम्बन्धमा ।**

यस नगरपालिकामा सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण नविकरण सम्बन्धि कार्य गर्नका लागि वडा कार्यालयहरुमा कार्यालय समयमा अन्य सेवाको चाप तथा सम्बन्धित सर्भरमा अत्याधिक चाप भई नविकरण सम्बन्धित कार्य गर्न असहज भएको हुनाले सो सम्बन्धि काम गर्ने अर्जुनधारा नगरपालिकाकाका व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवा इकाइ तथा वडा कार्यालयका वडा सचिव वा १ जना कर्मचारीलाई नविकरण अवधिसम्मका लागि(२०८१ साउन र भाद्र ) रुजु हाजिरी बमोजिम कार्यालय समय अघि पछि काम गरेको दैनिक रु ३०० तथा सार्वजनिक विदामा कार्यालय आई काम गरे बापत दैनिक रु ६०० का दरले खाना खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**६. मापदण्ड संशोधनका लागि अनुरोध सम्बन्धमा ।**

बिर्तामोड नगरपालिका वडा नं २ चारपानेबाट अर्जुनधारा नगरपालिका वडा नं ५ हुँदै वडा नं ७ नारायणचौक सम्म जाने सडकको साविकमा जिल्ला विकास समितिको कार्यालयबाट सडकको मापदण्ड १०५ फिट कायम भएकोमा उक्त मापदण्ड अत्यन्तै अव्यवहारिक भएको भनी स्थानीय वासीहरुबाट लिखित गुनासो आएको हुँदा उक्त मापदण्डलाई संशोधन गरी ४६ फिट कायम गरी पुनरावलोकन गर्नका लागि प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

७. **विविधः**

(१) निवेदक जिल्ला ताप्लेजुङ्ग आठराई त्रिवेणी गाउँपालिका वडा नं २ फुलबारी चौक बस्ने भगिमाया बिमलीको वारेश जिल्ला झापा भद्रपुर नगरपालिका बस्ते रीता ओली वादी भई यस अर्जुनधारा नगरपालिकाको ९ नं वडा कार्यालय समेत प्रतिवादी भएको जग्गा खिचोला कब्जा मेटाई चलन समेत चलाई पाउँ भनी सम्मानित झापा जिल्ला अदालतमा दर्ता भएको मुद्दाका सम्बन्धमा यस नगरपालिकाको ९ नं वडा कार्यालयको तर्फबाट जवाफ पेश गर्न, छलफलमा भाग लिन, प्रमाण पेश गर्न लगायतको कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न अधिवक्ता चित्रबहादुर मगरलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

(२) यस नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यमा सहजिकरण गर्नका लागि साविक कार्यपालिकाको बैठक बमोजिम गठित स्थानीय पाठ्यक्रम विकास समितिका पदाधिकारीहरुलाई प्रति बैठक रु १००० का दरले बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(३) यस नगरपालिकाको साविक नगर कार्यपालिकाको निर्णय बमोजिम तोकिएको मापदण्ड अनुसार सुरक्षा निकायहरुलाई उपलब्ध गराउँदै आएको इन्धन सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

(४) नेपाल आदिवासी जनजाती महासंघ अर्जुनधारा नगर समितिलाई विश्व आदिवासी दिवश मनाउनका लागि रु १ लाख ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

## अनुसुची १
### (निर्णय नं १को बुँदा नं क सँग सम्बन्धित)

| नदी/ प्याकेज | उत्खनन क्षेत्र | उत्खनन परिमाण (घ.मि.) | न्यूनतम कबोल रकम (रू) |
|---|---|---|---|
| बिरिङ्ग प्याकेज १ | बिरिङ्ग नदी (अर्जुनधारा वडा नं १ र बुद्धशान्ती-२ ) | ६०७५० | १५५५३९१८.१८ |
| बिरिङ्ग प्याकेज २ | विल्डकन उत्तरपूर्वदेखि बालुवाटार गोसखान लाइन र विल्डकन उत्तरपूर्व पैनीको मुहान देखि दक्षिण | १९१२५ | ४७७८४०९.९८ |
| टाङटिङ्ग प्याकेज १ | टाङटिङ गोयाङ्ग दोभान झो.पु.बाट १ कि.मि. दक्षिण र टाङटिङ ठुलो नेते दोभान उत्तर | ३८७०० | ९६६९२५३.१५ |
| टाङटिङ प्याकेज २ | टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोला | ४२२५० | १०४३४१६९.५५ |
| टाङटिङ प्याकेज ३ | टाङटिङ पुल दक्षिण १ कि.मि. छोडेर कैदले उत्तर र टाङटिङ कैदले घाट जाने बाटो दक्षिण र सुखानी खोला पुल उत्तर | ४१५०० | ९९८६५५५.७२ |
| टाङटिङ प्याकेज ४ | टाङटिङ सुखानी दोभान क्षेत्र टाङटिङ तर्फ र सुखानी खोला पुल दक्षिण | २८२५० | ६६७८२३०.४८ |
| टाङटिङ्ग प्याकेज ५ | टाङटिङ अर्जुनधारा मा वि पश्चिम र टाङटिङ देवान चौक पश्चिम र भित्ति गाउँ पूर्व | ३४००० | ८०७४७०६.१६ |
| टाङटिङ प्याकेज ६ | टाङटिङ दहिझोडा दोभान दक्षिण र टाङटिङ्ग बाँगेडाँगी पश्चिम | ४६००० | १०९२४६०२.४५ |